सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



नेपाली क्रिकेटलाई सहयोग गर्न तयार -महाराष्ट्का उपमुख्यमन्त्री ।पेज २मा

♦ वर्ष ७ ♦ अंक ७६ ♦ २०८० साल मंसीर १५ गते शुक्रवार ♦ 1 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## महोत्तरीको ग्रामीण भेगका नाकाबाट नदी जन्य पदार्थको भारत तर्फ तस्करी

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**मंसीर १४ गते, महोत्तरी**

महोत्तरीको ग्रामीण भेगका नाकाबाट व्यापक रुपमा नदी जन्य पदार्थको भारत तर्फ तस्करी भइरहेको छ।

नेपाल सरकारले नदी जन्य पदार्थहरु गिट्टी,बालुवा र ढुङ्गाको भारत निकासीमा रोक लगाएको भएपनि महोत्तरी जिल्लाको ग्रामीण भेगका नाकाबाट दैनिक रुपमा राती राती एक सय भन्दा बढी साईकलमा लोड गरेर गिट्टी,ढुङ्गा र बालुवा भारत तर्फ अवैध रुपमा निकासी भइरहेको देखिएको छ।

महोत्तरी जिल्लाको सम्सी गाउँपालिका ७ बाट सम्सी कन्हमा बोडरबाट भारतीय सीमासँग जोडिएको सम्सीनाकाबाट नेपालको गिट्टी,बालुवा र ढुङ्गा व्यापकरुपमा तस्करी गरेर भारत लाने गरेको पाईएको छ ।सम्सी गाउँपालिका ७ सम्सी बस्ने बिजय यादवले नेपालको गिट्टी,बालुवा र ढुङ्गा भारत तर्फ पठाउने गरेको स्थानीय सुरेश यादव र हैदर अलिले बताए।सिमावर्ती क्षेत्रमा शसस्त्र र नेपाल प्रहरीको मिलेमतोमा नेपालको गिट्टी,बालुवा र ढुङ्गा भारततर्फ तस्करी हुने गरेको स्थानीयले आरोप लगाएको छ।







स्थानीयहरुले बिजय यादवले सम्सी गाउपालिका ७ सम्सीबाट सर्लाहीको मलंगवा जाने हुलाकी सडक मार्गको छेउमा टिफर बाट एक ठाँउमा झारेर गिट्टी,बालुवा र ढुङ्गा थुपार्ने गर्दछन् भने त्यस पछि ट्याक्टर मा लोड गरेर नेपाल भारतको सिमा क्षेत्र दशगजामा झार्ने गरेका छन्।

सो दशगजा क्षेत्रबाट रातिको समयमा यादवले स्थानीय युवाहरुलाई पैसा दिएर जुटकोबोरामा पोकापारी साईकल र मोटरसाईकलको माध्यमले भारतको कन्हमा बोडर लैजाने गरेको भिडियो समेत प्राप्त भएको छ। भिडियो बोरामा हालेर भारत तर्फ बालुवा, गिट्टी पारी लाने गरेको प्रष्ट देखिन्छ।

## बर्दिबास नगरपालिकाद्वारा खेलाडीलाई मासिक भत्ता

**खबर दर्पण समाचारदाता**

**मंसीर १४ गते, बर्दिवास**

बर्दिबास नगरपालिकाले खेलकुदको विकाश तथा खेलाडीको प्रोत्साहनका लागि मासिक भत्ता दिन सुरु गरेको छ । नगरपालिकाले छनौटमा परेका २२ जना उत्कृष्ट फुटबल खेलाडीलाई यसै मङ्सिर महिनादेखि भत्ता उपलब्ध गराउने भएको हो।




खेल क्षमताको आधारमा खेलाडीहरूलाई तीन श्रेणीमा वर्गीकरण गरी सोही अनुरूप मासिक भत्ताका व्यवस्था गरिएको छ । वर्गीकरणअनुसार ‘ए प्लस’ श्रेणीका खेलाडीलाई मासिक १५ हजार ‘ए’ श्रेणीलाई १० हजार तथा ‘बी’ श्रेणीका खेलाडीका लागि मासिक सात हजार रुपियाँ भत्ता दिन सुरु गरिएको बर्दिबास नगर खेलकुद विकाश समितिले जनाएको छ। समितिका अध्यक्षाका दीपेन्द्रकुमार शिवभक्तीका अनुसार खेलाडी भत्ताबापत नगरपालिकाको मासिक तीन लाख रुपियाँ खर्च हुनेछ । यसकालागि बर्दिबास नगर पालिका तथा वर्गीकरणमा परेका खेलाडीबिच अभिभावकको रोहवरमा बिहीबार लिखित सम्झौता भएको छ । सम्झौताअनुसार नगरपालिकाले आवश्यक खेल सामग्रीका साथै

*बाँकी पृष्ठ २ मा*

## पेट्रोल र डिजेलको मूल्य घट्यो

**खबर दर्पण समाचारदाता**

**मंसीर १४ गते, बर्दिवास**

नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको छ । बिहीबर मध्यराति १ बजेदेखि लागू हुने गरी डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटाएको हो ।

पेट्रोलमा प्रति लिटर २ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रति लिटर ४ रुपैयाँ मुल्य घटेको छ ।

एलपी ग्यासको मूल्य भने यथावत छ ।

नयाँ मूल्यअनुसार चार आली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोको १५ किलोमिटर क्षेत्रमा पेट्रोलको १६७ रुपैयाँ ५० पैसा पर्नेछ । सुर्खेत र दाङ क्षेत्रमा १६९ रुपैयाँ तथा काठमाडौं, पोखरा र दिपालय डिपोको १५ किलोमिटर क्षेत्रमा एक लिटर पेट्रोलका लागि १७० रुपैयाँ पर्ने छ ।


डिजेल र मट्टितेल भने क्रमशः १५७ रुपैयाँ ५० पैसा, १५९ रुपैयाँ र १६० रुपैयाँ पर्नेछ ।

एलपी ग्यासको मुख्य देशभर प्रति सिलिण्डर १८९५ रुपैयाँ नै कायम रहेको निगमले जनाएको छ ।

ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

## बर्दिबास नगरपालिकाद्वारा...

हरेक महिनाको १० गते खेलाडीलाई तोकिएको भत्ता उपलब्ध गराउने छ भने खेलाडीले सम्झौता पत्रमा उल्लेखित आचारसंहिताको अधीनमा रही नियमित खेल अभ्यास गर्नु पर्ने छ ।

नगर खेलाडी सम्झौता हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख प्रह्लाद क्षेत्रीले अनुदान कटौतीका कारण नगर पालिका वित्तीय सङ्कटमा परेको अवस्थामा पनि खेलकुदको संस्थागत विकाश तथा खेलाडीको उत्साह र समुन्नतिका लागि मासिक भत्ताको व्यवस्था गरेको बताउनुभयो । "नगर पालिकाले आर्थिक सङ्कटको बाबजुद खेलाडीहरूले बर्दिबासको परिचय र पहिचान बढाउने उद्देश्यले खेलाडीहरूलाई नियमित अभ्यास र उत्कृष्ट खेल प्रदर्शनका लागि मासिक भत्ता दिने व्यवस्था गरिएको हो", नगरप्रमुख क्षेत्रीले भन्नुभयो ।

नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत किरणनिधी तिवारी एवं शिक्षा तथा खेलकुद शाखाका अधिकृत रोमन निरौलाले खेलकुदका लागि चालु आवमा नगरपालिकाले विनियोजन गरेको ४० लाख बजेटमध्येबाट भर्पाई हुने गरी खेलाडीलाई मासिक भत्ताको व्यवस्था मिलाइएको बताउनुभयो ।

मासिक भत्ताले खेलाडीहरूको प्रोत्साहन तथा खेलकुदको संस्थागत विकाशमा योगदान पुग्ने उहाँहरूले बताउनुभयो ।

## मोटर साईकल हराएको सुचना

जिल्ला महोत्तरी, औरही नगरपालिका ७ का भोला यादवको नाममा कायम रहेको मधेस प्रदेश ०२-००७ प १०६६ नम्बर को मोटरसाइकल (मोडेल,Apache RTR ) , Engine: BE4HN2600425 , Chasis No. MD634BE46N2H01531 मिति २०८० साल असोज ५ गते का दिन रौतहट जिल्लाको चन्द्रनिगाहपुर नगर पालिका ५ बाट चोरी भएको । सो मोटर साइकल देख्नुहुने वा फेला पार्नुहुने नजिकको प्रहरी कार्यालय वा निजको मोबाइल नं. ९७४२८३१६१४ मा सम्पर्क गरि सहयोग गरि दिनुहुनका लागि अनुरोध छ ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# नेपाली क्रिकेटलाई सहयोग गर्न तयार -महाराष्ट्रका उपमुख्यमन्त्री



**गोबिन्द महतो**

**मंसीर १४ गते, मुम्बई**

भारतको महाराष्ट्र प्रदेशका उप-मुख्यमन्त्री देवेंद्र फडणवीसले नेपाली क्रिकेटको विकासमा आवश्यक सहयोग गर्न तत्पर रहेको बताएका छन् । उप-मुख्यमन्त्री फडणवीसले नेपाली क्रीकेट टोलिलाई प्रशिक्षण तथा खेलमा थप उर्जा समेत प्रदान गर्ने तयार रहेको बताए ।

स्वतन्त्र युवा प्रजातान्त्रिक संघको संयोजनमा भारत भ्रमणमा रहेका नेपाली पत्रकारहरुको प्रतिनिधि मण्डलसँगको भेटमा उनले नेपाली क्रिकेटरहरुलाई मुम्बईमा प्रशिक्षण, व्यवसायिक क्रिकेटमा अवसर गर्न आतुर रहेको बताए ।

ञनेपाल क्रिकेट संघ (क्यान)ले उपयुक्त प्रस्ताव ल्याए क्रिकेटमा दुई पक्षीय सहयोगातम प्रतिष्पर्धा गर्न सकिन्छझ, उनले भने । नेपाली पत्रकारहरुले छलफलका क्रममा नेपाल भारत सम्बन्ध प्रगाढ रहेको र मिथिला महारष्ट्रको सम्बन्ध रामयण कालिन सम्बन्ध रहेकोले नेपालसङ थप मजबुत बनाउन ततपर रहेको बताए ।उनले भने ," नेपालको तर्फबाट औपचारिक रूपमा प्रस्ताव आएमा हाम्रो महाराष्ट्र सरकारले मध्यस्थता गरेर मुंबई त्रिकेट एकेडेमी मार्फत नेपालको लागि आवश्यक सहयोग गर्नेछौं।

नेपाली क्रिकेटरहरुलाई मुम्बईमा प्रसिक्षन, व्यावसायिक रूपमा क्रिकेट खेल्ने अवसर, दुई पक्ष बीचको प्रतिस्पर्धा गराउन महारष्ट सरकार मध्यस्था गर्नेछ। नेपाली क्रिकेटलाई सहयोग गर्न चाहन्छौं "

मुम्बई भ्रमणमा आएको नेपालका पत्रकारको टोलीसँग उपमुख्यमंत्री देवेन्द्र फडनविसले मुम्बई इण्डियन्स टीम र नेपाली क्रिकेट टोलीसँगको म्याच गराउने विषयमा मध्यस्थता समेत गर्ने बताए ।

फडणवीसले मुम्बईमा रहेका श्रमिक नेपालीहरुको अवस्था लगायतका विषयमा श्रम र व्यापार बिषयमा समेत उप-मुख्यमन्त्री फडणवीसले सकारात्मक रुपमा लिएको बताए ।

उनले नेपाल भारतको समबन्धलाई थप उचाइमा पुर्‍याउन तत्पर त्व्रहेको बताए ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। धनको नाश हुने योग छ ।

**वृष**-चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मिथुन**- सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ। अपूरा कार्य पूर्ण हुनेछन्।

**कर्कट** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**सिंह** - स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**कन्या** - परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछ। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**तुला** -सरकारी काममा सफलता हुनेछ। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछ। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।

**वृश्चिक** -शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछ। आयआम्दानीको स्रो बढ्नेछ। सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**धनु** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ ।

**मकर** -आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।

**कुम्भ** -मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**मीन** -काममा बाधा, खर्च वृद्धि हुनेछ। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। मनमा डर -चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशसभाको रिक्त दुई समितिको सभापति निर्वाचित



मधेश प्रदेश सभामा रिक्त रहेको दुई वटा समितिले आज सभापति प्राप्त गरेको छ। दलीय सहमतिको आधारमा नेपाली काँग्रेस तथा नेकपा एकीकृत समाजवादी पार्टीले ती दुई समितिका सभापति पाएका छन् ।

एक वर्ष पछि प्रदेश सभाको कृषि तथा भूमि व्यवस्था समितिको सभापति पदमा नेपाली काँग्रेसका प्रदेश सभाका सदस्य संजय कुमार यादव र प्रदेश मामिला समितिको सभापतिमा नेकपा एकीकृत समाजवादी पार्टीका तर्फबाट रत्नेश्वरलाल गोईत सर्वसम्मतिले निर्वाचित भएका छन् ।

नव निर्वाचित भएका सभापतिहरूलाई प्रदेश सभाका सभामुख र ामचन्द्र मण्डलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन्। नव निर्वाचित सभापतिलाई सभामुख मण्डल सहित प्रदेश सभाका सदस्यहरु तथा विभिन्न दलका नेताहरूले सफल कार्यकालका लागि शुभकामना दिँदै स्वागत गरेका छन् ।-खबर दर्पण

# केपी ओली कप क्रिकेट : एपीएफलाई हराउँदै मधेस फाइनलमा



**खबर दर्पण समाचारदाता**

**मंसीर १४ गते, बर्दिवास**

एपीएफ क्लबलाई हराउँदै मधेस प्रदेश केपी ओली कप टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ । पोखरा रङ्गशालामा बिहीबार भएको दोस्रो सेमिफाइनलमा मधेसले एपीएफलाई ११ रनले पराजित गरेको हो ।

यससँगै शुक्रबार हुने फाइनलमा उपाधिको लागि आर्मी र मधेसबिच प्रतिस्पर्धा हुने पक्का भएको छ। १९८ रनको लक्ष्य पछ्याएको एपीएफले पूरै ओभरमा ९ विकेटको क्षतिमा मात्र १८६ रन बनायो । एपीएफको लागि कप्तान प्रदीप ऐरीले ४२ बलमा ३ चौका र ४ छक्का प्रहार गर्दै ५५ रन बनाए ।

सन्दीप जोराले ३१ बलमा ३ चौका र ५ छक्का प्रहार गर्दै ५४ रन बनाए। तथापि जितको लागि भने पर्याप्त हुन सकेन। मधेसको लागि विशाल पटेलले ३ तथा हरिशंकर शाह र प्रदीप पास्वानले २-२ विकेट लिए ।

पहिले ब्याटिङ गरेको मधेसले पूरै ओभर खेलेर ६ विकेटको क्षतिमा १९७ रन बनायो । मधेसको लागि अनिल साहले ३६ बलमा २ चौका र ६ छक्का प्रहार गर्दै ५७ रन बनाए। इम्रान शेखले भने ३२ बलमा ३ चौका र ४ छक्का प्रहार गर्दै ५० रनको योगदान गरे।

एपीएफको लागि मौसम ढकालले ३, अमर रौतेलाले २ तथा पुरण बिकले १ विकेट लिए ।


*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**रामगोपालपुर नगरपालिका कार्यालय, महोत्तरी**

**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**भंगहा नगरपालिका, महोत्तरी**

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**मठिहानी नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# महोत्तरीमा ८ लाख मूल्य बराबरका सामान बरामद



**खबर दर्पण समाचारदाता**
**मंसीर १४ गते, महोत्तरी**

सशस्त्र प्रहरीले नेपाल भारत सीमा नाकाबाट लाखौं मूल्यका कपडा तथा हार्डवेयरका सामान बरामद गरेको छ । भारतबाट अवैधरुपमा नेपाल भित्र्याउँदै गरेको अवस्थामा सशस्त्र गस्तीले आठ लाख मूल्य बराबरका जाडोका तयारी पोसाक तथा ८४ हजार रुपियाँ बराबरका हार्डवेयरका सामान बरामद गरेको हो ।

बरामद गरिएका तयारी पोसाकमा बच्चाको सुरुवाल तथा सुरुवाल सेट ८०७ थान, विभिन्न ब्राण्डका न्यानो टोपी ६०८ थान, बच्चाको हुक सेट १०७ थान, मोजा, मफलर, पछ्यौरी, स्विटर, ज्याकेट गरी एक हजार ७०५ थान कपडा छन् । त्यस्तै, बरामद अन्य सामानमा विभिन्न साइजका पिलास, रिन्चु, साना ठुला कब्जा गरी १९४ थान हार्डवेयर सामान रहेको सशस्त्रले जनाएको छ।

सशस्त्र प्रहरीको रघुनाथपुरस्थित प्रस्तावित सीमा सुरक्षा गुल्मका प्रमुख सशस्त्र डिएसपी महेश खरेलको कमाण्डमा बुधबार राति खटी गएको पैदल गस्तीले सोनमा गापा तीन स्थित दशगजा आसमापसका क्षेत्रबाट उक्त सामानहरू बरामद गरेको हो ।

खेतको बाटो हुँदै भारतबाट टाउकोमा कपडासहितका बोरा बोकेर आउँदै गरेको तस्कर समूहले सशस्त्र गस्तीलाई टाढैबाटदेखि खेतमा सामान छाडी भारततर्फ भागेको सशस्त्र डिएसपी खरेलले जनाउनु भयो ।

बरामद सामान जलेश्वर भन्सार बुझाउने तयारी भइरहेको सशस्त्र डिएसपी खरेलले बताउनु भयो ।

## रास्वपामा सहप्रवक्ता र सहमहामन्त्री नै तीन-तीन जना



**खबर दर्पण समाचारदाता**
**मंसीर १४ गते, महोत्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँगै अन्य नेताहरूले 'पद केही होइन, काम ठूलो हो' भनेर आदर्शवादी भाषण छाँट्दै हिँड्थे । तर, महोत्तरीको जलेश्वरमा बसेको पार्टीको केन्द्रीय समिति बैठकले बाँडफाँट गरेको नेताहरुको जिम्मेवारीले उक्त भाषणलाई उपहास गरेको छ ।

अर्थात् नेताहरुलाई पदको भाग पुर्याउँनकै लागि सहमहामन्त्री र सहप्रवक्ता नै तीन-तीनजना राखिएको छ ।

पार्टी महामन्त्री मुकुल ढकाल यसअघि नै पार्टी प्रवक्ताको जिम्मेवारीमा थिए । अहिले उनको जिम्मेवारी अरु नेतालाई पनि बाँडिएको छ । नेताहरु कविन्द्र बुर्लाकोटी, सुमना श्रेष्ठ र विपिन आचार्यलाई सहमहामन्त्री नियुक्त गरिएको छ ।

त्यस्तै ढकालको प्रवक्ताको जिम्मेवारी पनि बाँडिएको छ । केन्द्रीय सदस्यहरु रमेश प्रसाईं, मनिष झा र प्रतिभा रावललाई सहप्रवक्ता तोकिएको छ । सामान्यतया सहमप्रवक्ता राख्ने चलन हुँदैन । तर रास्वपामा तीनजना सहप्रवक्ता राखिएको छ ।

त्यस्तै उपसभापति र सहकोषाध्यक्ष पनि दुई-दुईजना बनाइएको छ । उपसभापतिको पहिलो वरीयतामा डोलप्रसाद अर्याल छन् भने दोस्रोमा स्वार्णिम वाग्लेलाई राखिएको छ ।

त्यस्तै सहकोषाध्यक्षमा दीपक बोहोरा र बसुमाया तामाङलाई नियुक्त गरिएको छ ।

रास्वपामा सभापति, महामन्त्री र कोषाध्यक्ष भने एक-एक जना छन् । सभापतिमा लामिछाने र महामन्त्रीमा ढकाल कायम भएका छन् भने कोषाध्यक्षमा लिमा अधिकारी चुनिएकी छिन् ।


सूचना !   सूचना !!!   सूचना !!!

**आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।**

हिउँद तथा वर्षे घासको विकास गरौं र उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**नगराईन नगरपालिका कार्यालय, धनुषा**

सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**जलेश्वर नगरपालिका, महोत्तरी**

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा